"एक बहुभाषिक पत्रिका"

# ग्रामीण

राष्ट्रिय साप्ताहिक

सुचना पाउनु सबै नागरीकको अधिकार हो ।

☐ वर्ष २ ☐ अंक ६ २०८१ असार १९ गते बुधवार Wednesday 03, July 2024 www.graminpatrika.com ☐ पृष्ठ ६, ☐ मूल्य रु.१०।-

## कोशी अस्पतालमा कसैले २५% छुट , कसैले ५०% छुट पाउछन भन्ने कसैले ७५% छुट त कसैले सय प्रतिशत नै छुट



**संजय राजवंशी**
**विराटनगर**

कोशी अस्पतालमा कसैले २५% छुट , कसैले ५०% छुट पाउछन भन्ने कसैले ७५% छुट त कसैले सय प्रतिशत नै छुट पाउछन। के तपाइ बिरामी हुनुहुन्छ , के तपाइ सस्तो रकममा राम्रो उपचार खोजदै हुनुहुन्छ । तपाइ कोशी अस्पतालमा गएर रु ५० को पुर्जि काटेर सामाजिक कार्ड सेवा शाखा गएर २५% देखि ७५% भन्दापनि थोरै रकममा उपचार गराउन सक्नुहुन्छ। जुन विषय उपचार गराउन आएका सर्वसाधारण जनतालाइ केही थाहा नभएर हरेक दिन सोझासाझ नेपाली जनता लाइनमा बसेर उपचार खर्च रकम भुत्तानी गर्दछन । सामाजिक इकाइ वाट रु ५० लााख मा उत्त सेवा उपल्बध गराएको अस्पताल स्रोतले जनएको छ । उत्त रकमा विपन्न वर्ग तथा निम्न वर्गहरुले सहज र सहयोगको लागि रहेको बताए।

एक सेवा ग्राहि भन्छन " मलाइ थाहै भएन चार हजार र पाच हजारको चेकजाँच खर्च भुत्तानी गरीसके तर मलाइ बल्ल अहिले एक जना गाउँको भाइले भनिसकेपछि मात्र मैले अहिले पैतिस सय मा हुने काम मात्रै रु सत्र सय पचास मा भयो , म जस्तै धेरै छन यहाँ थाहै नभएको मान्छे " । तपाइ त्यहाँ धेरै यस्ता विषय र जनताका वास्तिविक सम्सया हेर्न सक्नुहुन्छ । बलड बैङ्क कहाँ छन ? , डाक्टरले राम्रो संग बिरामी हेरेन कहाँ भन्ने अथवा गुनासो कहाँ भन्ने ? , डाक्टर समयमा आएन कस्लाइ भन्ने ? , साइकल , बाइक कहाँ पार्क गर्ने ? साइकल चोरी भयो के गर्ने ? यस्ता सम्स्या दैनिकी हेर्न र जनता भोगी रहेको अवस्था छ।

बिमा नभएको व्यक्तिको लागि सिधै बिरामी लिएर कोशी अस्पताल गेट छिर्ने वित्तिकै उत्तर साइडमा रहेको प्रशासनिक भवनको सामाजिक कार्ड सेवा भएको कोठामा वडा , पालिका वाट विपन्न र आर्थिक अवस्था कमजोर भएको सिफारीस ल्याएर छुट फार्म भरेर चाहेजति छुट गर्नसक्नुहुन्छ। तर नेपाली समाजलाइ यस विषयमा केहि व्यक्ति तथा केही निश्चित समुदाय र वर्गले मात्रै सेवासुविधा भोग गरेको देखिन्छ । सामाजिक इकाइ वाट ५० लाख बजेटले उत्त छुट सेवा उपल्बध भएको प्रमुख अस्पताल नर्सिङ्ग प्रसाशक मन्जु यादवले बताए। र सो बजेट ५० लाखमा ८ जना कर्मचारीको तलब पनि त्यही रकम वाट भुत्तानी गर्ने गरेको यादवले बताए। ओ सि एम सी मा ४० लाख बजेट छुटयाउछन भने उत्त बजेटमा एक जना कर्मचारी खटाइएको छ।

नेपाल सरकारको स्वास्थ्य नीति तथा कार्याक्रम अनुसार यस अस्पतालबाट सेवाग्राहिहरुका लागि निशुल्क तथा न्यूनतम शुल्कमा विशिष्ट स्वास्थ्य सेवा , उपचारात्मक , निरोधात्मक तथा पुर्नस्थापनात्मक सेवासम्मका विभिन्न स्वास्थ्य सम्बन्धी सेवा तथा कार्यक्रमहरु संचालन हुंदै आएको कुरा सर्वविदित नै छ । कोशी अस्पताल विराटनगरबाट संचालित निशुल्क तथा न्यूनतम शुल्कमा तपशिल बमोजिमका सेवाहरु संचालनमा रहेको हुँदा तपशिल बमोजिमका सेवाहरु लिई लाभ लिनुहुन आम सेवाग्राही वर्गमा विज्ञापन मार्फत सुसूचित गरिएको विज्ञापनमा उल्लेख छ । आङ्ग खसेका महिलाको लागि निशुल्क शल्यक्रिया , हाइड्रोशिल भएका विरामीहरुको लागि निशुल्क शल्यक्रिया , हातिपाइले भएका विरामीकालागि निशुल्क उपचार सेवा , एकदवार संकट व्यवस्थापन कार्यक्रम ( लैंगिक हिंसा पिडितलाई निशुल्क उपचारात्मक तथा पुनस्थापना सेवा , सामाजिक सेवा इकाइ मार्फत विपन्न नागरिकको निशुल्क उपाचार सेवा , स्वास्थ्य विमा सेवा , पोषण पुनर्स्थापना गृह संचालन कुपोषित बालबालिकालाई निशुल्क उपचार सेवा , निशुल्क गर्भपतन सेवा , भर्ना भएका विरामिका लागि निशुल्क रासनको व्यवस्था , आमा सुरक्षा कार्यक्रमः निशुल्क प्रसुति सेवा , नवजात शिशुको निशुल्क उपचार सेवा , खोप सेवा परिवार नियोजन सेवा , कुष्ठरोग निवारण कार्यक्रम संचालन , एच.आइ.भि एड्स सम्बन्धी ए.आर.टी. र मेथाडोन जस्ता सेवाहरु उपलबध बारे मिडियामा प्रचारप्रसार भइरहेको छ।

## ग्रामथान गाउँपालिका अध्यक्ष गच्छदारके मोरन




**राजेश कुमार सरदार थारु**
**ग्रामथान**

मोरङ, ग्राम गाउपालिकाके अध्यक्ष जय प्रकाश गच्छार थारुके २०८१ असार ३ गते सोम दिन मोरन हेलैस। ओकर एक बछर पहिनासे दिमाक खतम हाविके नोबेल मेडिकल कलेज बिराटगनरमे उपचार करि रहल छेलै। वे मुसकिल से अध्यक्ष पद एक बछर तक बनिहासे चलल कै छल । तकरबाद वे २०८० बैशाख मे अस्पताल भर्ना हेलै छल । उपचार मे सुधार हाविके घर एलै छल। २०८० माघ ११ गते मे हावेबाला राष्ट्रिय सभा के चुवाव के एक दिन आगुवे बिराटनगर के ईस्टर्न स्टार होटल मे खाना खेतै बेहोस हेलाके बाद नोबेल मेडिकल कलेज मे फेनसे भर्ना हेलै छल। उपचारमे सुधार नय हेला के बाद एक महिना घर मे राखिके बेहोस अवस्था मे रहल अकसिजन लग्याके राखलकै छल।

वे बहुत दिना से नेपाली कांग्रेस से राजनीति शुरु करल कै छल। २०२४ साल मे जलम हेल वे २०४९ सालके स्थानिय चुनावमे मोतिपुर गा.बि.स. के अध्यक्ष पदमे जितल कै छल। तकरबाद २०७४ सालके ग्रामथान गाउपालिकाके चुवावमे बिजय कुमार गच्छदारके नेतृत्व करल लोकतान्त्रिक फोरम पार्टी से अध्यक्ष पदमे हारल कै छल।

तकरबाद २०७९ सालके चुवावमे नेपाली कांग्रेस से उठल वे अध्यक्ष पदमे जितल कै छल । पहिनकर मोतिपुर गा.बि.स., लोहासुर मे घर रहल ओकरा घरवाली, एकटा बेटा हे एकटा बेटी छै। २०८१ असार ४ गते मंगल दिन लास मे श्रद्धाञ्जली देवे लगिन सरव सधारणके लगिन ग्रामथान गाउँपालिकाके एंगन मे राखल गेलै छल । तकर बाद शव यात्रा शुरु करल कै। शव यात्रा झोराहाट से नेताचौक तक करिके जुरी लदि मे पुगि के दास संस्कार करल गेलै छल।

## आयुर्वेद स्वास्थ्य केन्द्रमा २३ ओटा औषधि निशुल्क भन्ने तर औषधि एउटै छैन




**संजय राजवंशी**
**विराटनगर**

जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र विराटनगर मोरङ्गमा २३ ओटा औषधि निशुल्क उपलब्ध गराउने उदेश्यले कोशी प्रदेश सरकारले सन्चालनमा ल्याएको उत्त स्वाश्थ्य केन्द्रमा औषधि छैन। प्रदेश सरकारले २३ ओटा औषधि निश्ल्क उपलबध गराउने उदेश्य भएपनि मात्रै एउटा औषधि उपलबध छन।

सरकारले एउटै औषधि दिन नसक्नु लजास्पत भएको एक सेवा ग्राहिले बताए । उत्त आयुर्वेद स्वश्थ्य केन्द्रमा करोडौ लगानी गरीएको छ । तर सरकारले आफुले भन्ने अनुसार काम गर्न नसकेको त्यहाँका एक कर्मचारीले बताए । कोशी प्रदेश सरकार स्वास्थ्य निर्देशनालय वाट सन्चालित यस आयुर्वेद स्वास्थय केन्द्रमा औषधि उपलबध गराउन नसकेको वर्ष भयो भन्दै जनताको समस्या बुझ्न नसकेको सरकार छ।

देशभरी १४ जिल्लामा रहेको स्वश्थ्य केन्द्रमा औषधि उपलब्ध गराउन प्रदेश सरकार असफल भएपनि दिनको करिब सय जना उपचार गराउन आउने वरिष्ठ बैध तिर्थ बस्नेतले बताए । बस्नेतले जानकारी दिए अनुसार ज्यष्ठ नागरीक निश्ल्क उपचार , सुत्केरी महिलालाइ ६ महिना निशुल्क उपचार। पंच्चकर्म सेवामा ५० % छुट , बैरन सेवा , ओपिडि सेवा , ल्याव सेवा जस्ता निशुल्क सेवा भएको कुरा वरिष्ठ बैध तिर्थ बस्नेतले बताए । औषधिको निशुल्क व्यवस्था जस्ता सम्सयाहरु रहीआएको छ।

उपचार गराउन दैनिकी यस केन्द्रमा सय जना आउने भएकोले यस विषयमा स्थानिय तह , प्रदेश सरकार र संघिय सरकारले जनचेतना जगाउने जस्ता कामहरु गर्नुपर्ने देखिएको छ। सरकार औषधि समयमा उपल्बध गराउन नसकेको विषयलाइ लिएर त्यहाँका डाक्टर धन्नजय कुमार जैस्वाल सेवा गर्न नपाउदा आफु दुखि भएको बताए। आयुर्वेद भनेको जढिबुटि वाट बनेको औषधि हो यस विषयमा सरकारले राम्रो लगानि र आयुर्वेद जस्ता कार्यक्रमहरु अझै प्रभावकारी रुपले सन्चालन गर्नुपर्ने देखिन्छ। यस आयुर्वेद औषधि एक प्रकृति वाट उत्पादित वस्तु भएकोले यसको बजारीकरण गर्नुपर्ने जैस्वालले भन्ने।










# तपाईको मात्री भाषामा समाचार लेख्न चाहनुहुन्छ

**आयूष राजवंशी**
**कटहरी**

यस ग्रामीण राष्ट्रिय साप्ताहिक पत्रिका एक बहुभाषिक पत्रिका हो । कोशी प्रदेशको राजधानी विराटनगर वाट सन्चालन भएको ग्रामिण राष्ट्रिय साप्ताहिक पत्रिका सबै भाषामा समाचार प्रकाशन गर्ने हो । र अनलाइन डिजिटल पत्रिका "ग्रमिण राष्ट्रिय पत्रिका www.graminpatrika.com रहेको छ । नेपालको सबै जातजातिलाइ समेटि यस बहुभाषिक साप्ताहिक पत्रिकामा समाचार, लेख, रचना ,कथा कविता जस्ता मनोरन्जनात्मक विषय वस्तु प्रकाशन तथा प्रसारण गर्नुहुन्छ भन्ने यस पत्रिकाले ठाउँ दिनेछ।

जिल्ला प्रशासन कार्यालय मोरङ्ग मिति २०८० चैत्र १ गते दर्ता भइ अब डिजिटल अनलाइन माध्यम वाट पनि सन्चालन भएको छ । नेपालको मेचि देखि माहाकाली सम्म छरिएर बसोवास गरीरहेका बहुसंख्यक नेपाली समाज र जनतालाइ एकिकृत गर्ने उदेश्यले यस पत्रिकाको मुख्य उदेश्य हो । नेपालमा आदिवासी, जनजाति, मधेसी, मुस्लिम तथा अन्य पिछडिएका वर्ग समुदायलाइ समेटि समावेश गरी समाजमा रहेका भ्रष्टचार, अनियमितता तथा कु-संस्कृति विरुद्ध आवाज समाचार माध्यम वाट व्यवस्था सुधार गर्ने र विभिन्न जातिगत कला संस्कृति , भाषा , भेषभुषा , परम्परागत संस्कार जगेर्ना गर्ने उदेश्य यस पत्रिकाको हो।

ग्रामिण राष्ट्रिय साप्ताहिक पत्रिका द्धरा सन्चालित यस अनलाइन पत्रिकामा हाम्रो टिममा सम्पादक तथा प्रकाशक संजय राजवंशी , व्यवस्थापक मोहन राजवंशी, रहेका छन भन्ने सहयोगी साथीहरु सरीता कर्मकार विराटनगर , सुमन राजवंशी कटहरी, राजेश कुमार सरदार थारु ग्रामथान, विध्यान्नद चौधरी कानेपोखरी, कमला चौधरी सुनसरी , आत्माराम राजवंशी झापा, भवेश मण्डल, अनजना राजवंशी झापा, शिब राजवंशी विराटनगर, निलेश कुमार शर्मा, अनिल राजवंशी छन । सम्पर्क नम्वर ९८२७०७२१५०

# विराट व्यापार संघले मनाए २४औं स्थापना दिवस




**ग्रामीण संवादाता**
**विराटनगर**

विराट व्यापार संघ विराटनगरले बुधबार २४औं वार्षिकोत्सव एवं स्थापना दिवस मनाएको छ। माई र गाई एउटै हुन्। यी दुवैको सेवा गरौं भन्ने सन्देश प्रवाह गर्ने गरी संघले २४औं स्थापना दिवस मनाएको हो। पछिल्लो समय युवा पुस्ता नेपाल छोडेर विदेश पलायन हुने क्रम बढ्दो छ।

युवा पुस्ता विदेश पलायन भई सकेपछि घरमा रहेका आमा बुबाको रेखदेख गर्ने परिवारका सदस्यको अभावमा आमा बुबालाई वृद्धवृद्धा आश्रममा राख्ने क्रममा बढ्दो छ। यसैगरी गाईको दूध खाने अनि गाई बूढो भई सकेपछि सडकमा लगेर छोडिदिने परम्पराको विकास भई रहेको छ।

यी दुवैको हेरचाह र रेखदेख परिवारका सदस्यले घरमै गर्नुपर्ने परिपाटिको विकास होस् भन्ने समाजमा सन्देश प्रवाह गर्ने उद्देश्यका साथ संघले माई र गाईको अवधारणामा केन्द्रित रहेर २४औं स्थापना दिवस मनाएका हुन्।

संघका अध्यक्ष अंशु बन्जारा, वरिष्ठ उपाध्यक्ष प्रमोद जिन्दल अग्रवाल, उपाध्यक्ष शरद श्रेष्ठ, मनोहर कार्की, सरस्वती ओझा, महासचिव किरण ढुंगेल, उपमहासचिव श्यामलाल पौडेल (भवेष), महिला उद्यम समितिका संयोजक सम्झना पौडेल, संघका प्रमुख कार्यकारी अधिकृत धरणीधर निरौला, कार्यसमितिका पदाधिकारी र सदस्यहरूले बुधबार विराटनगर-१० स्थित मानव सेवा आश्रममा आश्रित आमाहरूलाई स्वादिष्ट भोजन गराएका छन् । साथै विराटनगर-१४, जतुवा स्थित श्रीकृष्ण गौशालामा रहेका सयौं गाईहरुलाई हरियो घाँस खुवाएका थिए।

# एकै दिन विराटनगरका दुई निजी क्षेत्रको कार्यक्रम

**ग्रामीण संवादाता**
**विराटनगर**

एकै दिन विराटनगरका निजी क्षेत्रको दुई संस्थाले बेग्लाबेग्लै कार्यक्रम गर्ने तयारी गरेको छ । उद्योग संगठन मोरङले शुक्रबार विराटनगरमा ५१औं वार्षिक साधारण सभा मनाउन लागेको छ। विराटनगर-२ स्थित आफ्नै भवनमा संगठनले कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीको प्रमुख आतिथ्यतामा ५१औं वार्षिक साधारण सभा मनाउन लागेको हो । संगठनका अध्यक्ष राकेश सुरानाले ३:०० बजे सुरु हुने कार्यक्रम ६:०० बजे समापन गर्ने गरी कार्यक्रमको कार्यतालिका सार्वजनिक गरेका छन्।

यसै गरी नेपाल उद्योग परिसंघ कोशी प्रदेश समितिले शुक्रबार विराटनगरमा स्थापना दिवस मनाउने तयारी गरेको छ । परिसंघले स्थापना दिवसको अवसरमा परिसंघको सचिवालय प्राङ्गणमा रक्तदान कार्यक्रम गर्ने तयारी गरेको छ। परिसंघले आफ्नै वाटिकामा विभिन्न जातका फुलका बिरुवा रोप्ने कार्यक्रम रहेको परिसंघका कोशी प्रदेश अध्यक्ष तथा संविधान सभा सदस्य पवनकुमार सारडाले जानकारी गराएको छ।

एकै दिन विराटनगरका दुई निजी क्षेत्रका संस्थाले एउटै समयमा कार्यक्रम गर्दा अतिथि अलमलमा पर्ने भएकोले दुवै संस्थाले सहमति जुटाएर बेग्लाबेग्लै समयमा कार्यक्रम गर्ने तयारी गरेका छन्। परिसंघको कोशी प्रदेश समितिले शुक्रबार बिहान ८:०० बजे र उद्योग संगठन मोरङले शुक्रबार नै अपरान्ह ३:०० बजे कार्यक्रम गर्ने तयारी गरेका छन्।

# एसइईको नतिजामा दुईभन्दा बढी विषयमा 'नन ग्रेड' ल्याए

**ग्रामीण संवादाता**
**विराटनगर**

एसइईको नतिजामा दुईभन्दा बढी विषयमा 'नन ग्रेड' ल्याएका विद्यार्थीहरूले पनि पूरक परीक्षा दिन पाउने भएका छन्।

शुक्रबार बसेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको बैठकले उक्त निर्णय गरेको हो। मन्त्रालयका अनुसार उक्त परीक्षा साउनमा हुनेछ। राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालयका अनुसार यसवर्ष ४७.८६ प्रतिशतमात्रै विद्यार्थी उत्तीर्ण भएका थिए। एसइईको २०८० सालको परीक्षामा ४ लाख ६४ हजार ७८५ जना विद्यार्थी सहभागी भएका थिए। परीक्षा नियन्त्रण कार्यालयका अनुसार जिपिए १.६० देखि २ ल्याउनेमा ६ जना विद्यार्थी छन्। यस्तै, २ देखि २.४० ल्याउनेमा २ हजार ९५०, २.४० देखि २.८० ल्याउनेमा ४१ हजार १७७, २.८० देखि ३.२० ल्याउनेमा ७८ हजार ८७४ जना विद्यार्थी छन्। यस्तै ६८ हजार २५६ जनाको ३.२० देखि ३.६० र ३.६० देखि ४ जिपिए ल्याउने विद्यार्थीको संख्या ३१ हजार २०९ रहेको कार्यालयले जनाएको छ। कार्यालयका अनुसार २ लाख ४२ हजार ३१३ जना विद्यार्थी नन ग्रेडिङमा परेका छन्।


**ग्रामिण राष्ट्रिय साप्ताहिक**
**मो. ९८२७०७२१५०**










"एक बहुभाषिक पत्रिका" ग्रामीण राष्ट्रिय साप्ताहिक
सम्पादक तथा प्रकाशकः संजय राजवंशी, कार्यालय प्रमुख : मोहन राजवंशी
संवादाता : सरिता कर्मकार, सल्लाहकार : श्यामसुन्दर सुतिहार, कार्यालयः विराटनगर-७,
मुद्रकः कविता प्रिन्टर्स सम्पर्क नं. : ९८२७०७२१५०, ९८१७३२०५५०
इमेलः graminpatrika@gmail.com, Web: www.graminpatrika.com

# सम्पादकीय

## अहिले देशभरी राम्रो चर्चा कमाउने मेयर बालेन्द्र साह हर्क साम्पाङ्ग र गोपाल हमाल

अहिले देशभरी राम्रो चर्चा कमाउने मेयर बालेन्द्र साह , हर्क साम्पाङ्ग र गोपाल हमाल हो । नेपालमा तिन तहको सरकार छन । स्थानिय सरकार , प्रदेश सरकार र संघिय सरकार । नेपालको सबै गाउँ , नगर , उपमहानगर र महानगरपालीकाले भरखरै आर्थिक वर्ष २०८१/८२ को बजेट तथा निति कार्यक्रम सार्वजनिक गरीयो । गाउँ , सहर र बजारमा केही राम्रो नयाँ काम गर्छ भनेर सोचिरहने नेपाली समाज म , हामि र तपाइहरु हुनुहुन्छ। के तपाइलाइ बिश्वास छ यो बजेट र नेतृत्वले राम्रो काम गर्छ भन्ने कति आशावादि हुनुहुन्छ। संसारको कुनै पनि राष्ट्रले बजेट तथा निति कार्यक्रममा जनताका मुलभुत कुराहरुमा विशेष प्राथमिकतामा काम गर्छ।

देशको स्थानिय सरकार काठमाडौ , धराण र धनगढि को स्थानिय सरकारले सामाजिक सन्जाल तथा नेपाली समाजमा राम्रो काम गरेर लोकप्रीय छाप पर्न गएको छ। यहि कानुन र संविधान टेकेर जनतामुखि कामहरु निरन्तर गरीरहेका बालेन्द्र साह काठमाडौ , हर्क साम्पाङ्ग धराण र गोपाल हमाल धनगढि राम्रो काम गर्ने मेयर हुन। काठमाडौमा जनताको अनाधिकृत संमचनामा डोजरले भत्काएर सफा काठमाडौ बनाउदै छ भन्ने , ढुङ्गा तथा श्रम गरेर पनि खुवाउछु भनि हिडने हर्क साम्पाङ्ग र धनगढिलाइ सफा र कुहिएका बस्तु रीसाइकिलिङ्ग गरेर पुन प्रयोग गर्नुपर्छ भनेर हिडेका गोपाल हमाल जस्ता राम्रो मेयरमा पर्नुहुन्छ।

यहि कानुन र बिधिमा बसेर बालेन्द्र साह , हर्क साम्पाङ्ग र गोपाल हमालले राम्रो काम गर्न सक्ने तर देशभरी छरीएर रहेका ७५३ ओटा स्थानिय तह सरकारको महत्वकाक्षि योजनामा काम गर्न नसकने कसरी हुनसक्छ। देशका हरु स्थानिय नेतृत्वहरु किन सन्चार माध्यममा राम्रो चर्चा नहुनु तपाइ के बुझ्नुहुन्छ । एउटै कानुन र विधि साशनमा कसैले राम्रो काम गर्नु र कसैले राम्रो काम गर्न नसक्नु । यो नेतृत्वमा सम्सया देखियो । र जनताको आव्यश्क्ता अनुसार काम गर्न नसक्नु पार्टिको दवाव र प्रभाव हुन सक्ने जस्तो पनि देखिन्छ। सरकार जनतामुखि हुनुपर्छ , जनताका साझा समस्याहरु के के हुन । कसरी समाधान दिर्घकालिन रुपले गर्न सकिन्छ भन्ने विषयम काम गर्नसक्नुपर्छ।

# विपन्न र कडा रोगीको भरोसा प्रदेश जनस्वास्थ्य प्रयोगशाला

**श्याम सुन्दर सुतिहार**
**विराटनगर**

सुनसरी दुहबी ९ का वीरबल शर्मा अचानक बेहोस भए । जेष्ठको अन्तिम साता अचानक बेहोस भएपछि उनलाई उपचारका लागि विराटनगर स्थित कोशी अस्पतालमा परिवारका सदस्यले लगे।

अस्पतालमा लगेपछि उनको सिट स्क्यान गर्नु पर्ने भयो । डाक्टरले सिटी स्क्यान गर्न लेखे पनि अस्पतालमा सिटी स्क्यान बिग्रिएका कारण प्राइभेट ल्याबमा गएर उनको सिट स्क्यान गरियो।

विपन्न समुदायका शर्माका परिवारले सिटी स्क्यान गरेबापत १० हजार रुपैयाँ तिरे । रिपोट हेरेपछि डाक्टरले उनलाई निजी अस्पतालमा लगेर उपचार गराउन जाने सल्लाह दिए । त्यसपछि उनका परिवारले विराटनगरकै सञ्जीवनी अस्पतालमा उपचारका लागि लगे।

अस्पतालमा लगेपछि डाक्टरले विभिन्न चेक गर्नका लागि लेखे । अस्पतालमा उनको चेकजाँचका लागि मात्रै २५ हजार रुपैयाँ लाग्ने भयो।

परिवारका सदस्यले आफूहरूसँग त्यत्रो रकम नभएको बताएपछि अस्पतालकै कर्मचारीले उनीहरूलाई चेकजाँचका लागि विराटनगरकै जनस्वास्थ्य प्रयोगशालामा जान सुझाव दिए ।

कोशी प्रदेश सरकारले सञ्चालन गरेको प्रदेश जनस्वास्थ्य प्रयोगशालामा जाँदा वीरबलका परिवारले ४ हजार मात्रै तिर्नु पऱ्यो । शर्माले भने, सञ्जीवनी अस्पतालमा २५ हजार रुपैयाँ लाग्छ भनेको प्रदेश जनस्वास्थ्य प्रयोगशालामा ४ हजार मै काम भयो । त्यहीको चेकजाँच पछि औषधी खाँदा रोग पनि निको भयो।

विभिन्न रोगको समस्या भएपछि उपचारका लागि विराटनगर महानगरपालिका वडा नं. १० की ७० बर्सिया अम्बिका दाहाल विराटनगरको सप्तकोसी नर्सिङ होममा पुगिन्। डाक्टरले रगतका विभिन्न परीक्षण गर्न लगाए। तर अस्पतालको परीक्षण शुल्क महँगो थियो।

सप्तकोसी नरसिंग होममा गर्नु पर्ने परीक्षण शुल्क महँगो भएपछि उनीहरू प्रदेश जनस्वास्थ्य प्रयोगशालामा ती जाँचहरू गराउन गए।

ज्येष्ठ नागरिक भएका कारण सो प्रयोगशालामा अम्बिकाको परीक्षण शुल्कमा ९० प्रतिशत सम्म छुट भयो। दाहालका छोरा सुबोध दाहालले भने,"सप्तकोसीमा लाग्ने भनिएको भन्दा ९० प्रतिशत कम पैसामा आमाको जाँच भयो।"

२०७५ साल चैतमा सङ्घीय सरकारले जनस्वास्थ्य प्रयोगशालाको स्थापना गऱ्यो । पछि सो प्रयोगशाला प्रदेश सरकारको मातहतमा आयो।

कोभिडको महामारी सुरु भएपछि सङ्घीय सरकारले सो प्रयोगशाला कोशी प्रदेश सरकारलाई हस्तान्तरण गऱ्यो। प्रदेश सरकार मातहतमा आएपछि अहिले प्रदेश जनस्वास्थ्य प्रयोगशालामा नियमित रूपमा सामान्य र



विशेष सेवाहरू प्रदान गर्दै आएको छ।

यस्तै प्रदेश जनस्वास्थ्य प्रयोगशालाले कोभिड-१९, एण्टीबोडी, थालेसेमिया, महिलाको पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ्ग जस्ता सर्भीलेन्स सेवा समेत प्रदान गर्दै आएको छ।

प्रयोगशालाले न्यून शुल्कमा गुणस्तरीय रूपमा स्वास्थ्य परीक्षण गर्दै आएको प्रयोगशालाका निमित्त प्रमुख प्रणवकुमार यादवले बताए।

आमाको उपचारका क्रममा विभिन्न परीक्षण गर्न पुगेका दाहालले भने,"यो प्रयोगशालामा सस्तोमा परीक्षण त हुन्छ नै विश्वसनीयता समेत रहेको छ।" उनले प्रयोगशाला शनिवार समेत खुल्ला भइदिएको भए अझ सजिलो हुन्थ्यो बताए।

प्रयोगशालाले बिरामीहरूको परीक्षण बाहेक प्रदेश भरी रहेका ल्याबहरूको अनुगमन समेत गर्दै आएको छ । अन्य ल्याबहरूको गुणस्तर के छ ? यसको बारेमा अनुगमन र नियमन समेत यही प्रयोगशालाले गर्दै आएको यादवले बताए।

प्रयोगशालाले प्रदेश भरीका ल्याबहरूमा काम गर्नेहरूका लागि सेवाकालीन बायोसेफ्टी र एन्टी माईक्रोबियल रेसिस्टेन्स तालीम समेत सञ्चालन गर्दै आएको छ । प्रयोगशाला दर्ताका लागि निवेदन परेका ल्याबको अनुगमन तथा मूल्यांकको काम गर्दै आएको यादवले बताए।

प्रयोगशाला शनिवार पनि खोल्नुपर्ने, चौबिसै घण्टा सेवा प्रदान गर्ने व्यवस्था मिलाउनुपर्ने, ल्याबमा इसीजी लगायतको सेवा थप गर्नुपर्ने दहालले बताए।

२५ हजारको लाग्ने भनिएको जाँच ४ हजार रुपैयाँमा सकिएपछि दङ्ग परेका बिरबललाई भने प्रदेश जनस्वास्थ्य प्रयोगशालाले दिएको रिपोट निजी अस्पतालले पनि स्वीकार गर्नु पर्ने बताए।

यो नियम बाध्यकारी बनाइयो भने म जस्तै गरिबहरूले अकालमा मर्नु पर्ने थिएन। उनले भने सरकारले यस बारेमा पनि ध्यान देओस्।

नेपालमा २०२१ मा जनस्वास्थ्य प्रयोगशाला रूपमा वीर अस्पतालको प्याथोलोजी विभागबाट सुरु भएको हो । वि.स. २०३४ सालमा केन्द्रीय स्वास्थ्य प्रयोगशालाको रूपमा यसलाई स्तरोन्नति गरिएको थियो । २०५० सालमा छुट्टै निकायको रूपमा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला संस्थापना भएसँगै क्षेत्रीय प्रयोगशाला सञ्चालन गर्ने सरकारले योजना बनायो।

मुलुकमा आएको सङ्घीयतासँगै प्रदेश भरका नागरिकलाई सरकारी र निजी स्तरबाट प्रदान गरिने प्रयोगशाला सेवालाई भरपर्दो, गुणस्तरीय र व्यवस्थित बनाउन प्रदेश तहमा पनि जनस्वास्थ्य प्रयोगशालाको स्थापना भएको हो।

हरेक प्रदेशमा कम्तीमा एउटा विशिष्टीकृत रिफरेन्स प्रयोगशाला सञ्चालनका लागि यो प्रयोगशालाको स्थापना गरिएको निमित्त प्रमुख यादवले बताए।

प्रयोगशालाले डायालाईसीस गराई रहेका बिरामी, मिर्गौला प्रत्यारोपण गरेका बिरामीहरूलाई तीन महिनामा एक पटक ९० प्रतिशत सम्म छुटमा सेवा प्रदान गर्दै आएको छ ।

यस्तै सहिद परिवार, विपन्न परिवार वृद्ध भत्ता पाइरहेका जेष्ठनागरिकलाई समेत छुटमा सेवा दिँदै आएको छ । यसै गरी क्यान्सर तथा एच आइ भी सङ्क्रमित व्यक्तिहरूलाई समेत ९० प्रतिशत छुटमा सेवा प्रदान गर्ने गरेको छ।

ल्याबले कोशी प्रदेश जनस्वास्थ्य प्रयोगशालाका कर्मचारीहरुलाई ९० प्रतिशत, कोशी प्रदेश सरकार मातहतमा कार्यरत कर्मचारी उनीहरूका परिवार लाई ५० प्रतिशत छुटमा सेवा दिने गरेको छ।

यसै गरी त्रि.वि.वि अन्तर्गतको स्नातकोत्तर क्याम्पस विराटनगरका कर्मचारी, विद्यार्थी तथा खेलाडीहरूलाई ५० प्रतिशत छुट दिने गरेको छ । प्रयोगशालाले डेंगु, मलेरिया, कलाजर लगायत १० किसिमको परीक्षण निःशुल्क गरिरहेको प्रदेश जनस्वास्थ्य प्रयोगशालाका सूचना अधिकारी प्रकाश चन्द्र कार्कीले बताए।

प्रयोगशालामा दैनिक ७०-८० जनाले स्वास्थ्य परीक्षणको लागि प्रयोगशालामा आउने गरेका छन् । प्रयोगशालाबाट आर्थिक वर्ष २०७९/८० मा ३७ हजार ३ सय ४७ जनाले सेवा लिएको सूचना अधिकारी कार्कीले बताए । आर्थिक वर्ष २०८०/०८१ ज्येष्ठ मसान्त सम्म ५० हजार ५ सय ८२ जनाले सेवा लिएको प्रयोगशालाको तथ्याङ्कमा उल्लेख छ।

### जनशक्ति अभाव

प्रदेश जनस्वास्थ्य प्रयोगशाला विराटनगरलाई अझ प्रभावकारी बनाउन प्रयोगशालामा जनशक्ति थप गर्नु पर्ने निमित्त प्रमुख प्रणव यादवले बताए।

कोशी प्रदेश अन्तर्गत १४ वटा जिल्ला अस्तपालामा स्वास्थ्य प्रयोगशाला रहेका छन् । यस्तै प्रदेशका १ सय १४ स्थानीय तहमा पनि प्रयोगशाला रहेका छन्। यसै गरी निजी स्तरमा दर्ता भएका ५२ प्रयोगशालाको गुणस्तर सेवाको लागि अनुगमन गर्नु जनशक्ति अपुग रहेको निर्देशक यादवले बताए।

जनस्वास्थ्य प्रयोगशालाले विभिन्न परीक्षणहरू गरेर रोगको सही पहिचान गर्न मद्दत गर्छ । जसले गर्दा बिरामीको समयमै सही उपचार सुरु गर्न सम्भव बनाउँछ।

नियमित परीक्षण र जाँचले रोगको प्रारम्भिक चरणमै पहिचान गर्न सकिन्छ, जसले गम्भीर अवस्थामा पुग्नबाट रोक्न मद्दत गर्छ। रोगको सही पहिचान भएपछि सही उपचार विधि अपनाउन सकिन्छ, जसले उपचारको प्रभावकारिता बढाउँछ। प्रारम्भिक चरणमै रोग पहिचान हुँदा उपचार सजिलो र सस्तो हुन्छ, जसले रोगीको समय र खर्च बचत गर्न मद्दत गर्छ।

साथै, डायग्नोस्टिक केन्द्रहरूले समाजमा स्वास्थ्य सम्बन्धी सचेतना फैलाउँछन् र नियमित स्वास्थ्य परीक्षणको महत्त्व बुझाएर स्वस्थ जीवनशैली अपनाउन प्रेरित गर्छन् । प्रयोगशालाका कारण रोगको निदान र रोग लाग्नै नदिने भए पनि यसको बारेमा प्रचार प्रसार कम भएको निमित्त निर्देशक यादवले बताए।

संविधानको भाग ३ मा स्वास्थ्य सम्बन्धी हक मौलिक हकको व्यवस्था गरको छ । संविधानको धारा ३५ को उपधारा (१) मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन भन्ने उल्लेख छ।

सोही धाराको उपधारा (२) प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुनेछ भन्ने उल्लेख छ भने उपभार (३) प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ भन्ने उल्लेख छ।

सोही संवैधानिक व्यवस्थालाई परिपूर्ति गर्न कोशी प्रदेश सरकारको स्वास्थ्य मन्त्रालयले प्रदेश जनस्वास्थ्य प्रयोगशाला बाट सेवा प्रदान गर्दै आएको छ। यो बाहेक प्रदेश सरकारले मातहतका ४६ वटा अस्पतालबाट पनि विभिन्न खाले सेवा प्रदान गर्दै आएको छ।

प्रदेश सरकारले जिल्ला आयुर्वेद कार्यालयहरू, जिल्ला स्वास्थ्य कार्यालय, प्रदेश स्वास्थ्य निर्देशनालय, तालिम केन्द्र र आपूर्ति व्यवस्थापन मार्फत स्वास्थ्य सेवाहरू प्रदान गर्दै आइरहेका छन्।

नागरिकको स्वास्थ्य सम्बन्धी आधारभूत आवश्यकता परिपूर्तिका लागी संविधानको भाग-४ राज्यका निर्देशक सिद्धान्त नीति तथा दायित्व उल्लेख छ।

धरा ५१ नागरिकलाई स्वस्थ बनाउन प्रदेश सरकारले जनस्वास्थ्यको क्षेत्रमा आवश्यक लगानी अभिवृद्धि गर्दै जाने, गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुँच सुनिश्चित गर्ने उल्लेख छ।

यस्तै नेपालको परम्परागत चिकित्सा पद्धतिको रूपमा रहेको आयुर्वेदिक, प्राकृतिक चिकित्सा र होमियोपेथिक लगायत स्वास्थ्य पद्धतिको संरक्षण र प्रवर्धन गर्ने सो धारामा उल्लेख छ।

सो धारामा स्वास्थ्य क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै यस क्षेत्रमा भएको निजी लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने उल्लेख छ । स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाउन स्वास्थ्य अनुसन्धानमा जोड दिँदै स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीको सङ्ख्या वृद्धि गर्दै जाने, प्रदेशको क्षमता र आवश्यकता अनुसार प्रदेश सरकारले नागरिकहरूलाई सेवा प्रदान गर्दै आएको छ।

आयुर्वेद चिकित्सा पद्धदी सुधार गर्दै प्रदेश

कोशी प्रदेश सरकारले १४ वटै जिल्लामा १-१ वटा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र स्थापना गरी सेवा दिन थालेको छ।

जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र विराटनगरका वरिष्ठ वैद्य तिर्था बस्नेतका अनुसार मोरङमा ३ बटा आयुर्वेद औषधालय र ५ बटा नागरिक आरोग्य सेवा केन्द्र मार्फत आम नागरिकको स्वास्थ्य उपचार भइरहेको छ।

मोरङको उर्लाबारी नगरपालिकाको राजघाटमा, बेलवारी नगरपालिकाको बेलवारीमा र रतुवामाई नगरपालिकाको सिजुवामा आयुर्वेद औषधालयहरू रहेका छन्।

यस्तै मोरङको जहदा, मिक्लाजुङ्ग र कानेपोखरीमा गाउँपालिका, रतुवामाइ नगरपालिका र रङ्गेली नगरपालिकामा नागरिक आरोग्य सेवा केन्द्र सञ्चालनमा छन्।

जिल्लाका आयुर्वेद स्वास्थ्य केन्द्रबाट आयुर्वेद बहिरङ्ग सेवा, पञ्चकर्म सेवा (पूर्व कर्म/उपक्रम), क्षार सूत्र सेवा प्रदान गरिँदै आएको छ।

यसै गरी शल्य चिकित्सा सेवा, प्राकृतिक चिकित्सा सेवा, होमियोप्याथिक चिकित्सा सेवा समेत प्रदान हुँदै आएको छ । यस्तै उपचारात्मक योग सेवा, स्वास्थ्य जीवन परामर्श सेवा प्रदान हुँदै आएका छ।

त्यसै गरी नागरिक आरोग्य सेवा केन्द्रबाट सामान्य चिकित्सा सेवा, स्तनपायी आमा तथा मातृ शिशु सुरक्षात्मक सेवा, ज्येष्ठ नागरिक स्वास्थ्य संरक्षण तथा प्रवर्द्धनात्मक सेवा, प्याथोलोजी ल्याब सेवा र स-शुल्क फार्मेसी सेवाहरू उपलब्ध रहेका छन्।

आयुर्वेद स्वास्थ्य केन्द्रबाट २३ किसिमको औषधीहरू निःशुल्क उपलब्ध गराउने गरेका छन्।

त्यसै गरी ज्येष्ठ नागरिकको परिचय पत्र लिएर आएमा अश्वगन्धा चूर्ण र अमलकी चूर्ण निःशुल्क र स्तनपाय आमाको लागि शतावरी चूर्ण, ज्वानो र मालिस गर्ने तेल निःशुल्क उपलब्ध गराउने गरको छन्।

ज्येष्ठ नागरिकलाई पञ्चकर्म र ओपिडीमा ५० प्रतिशत छुट दिने गरेको छ।

दैनिक उपचारको लागि ८० देखि ९० जना सम्म आउने गरेकोमा आर्थिक वर्ष २०८०/०८१ को ज्येष्ठ मसान्त सम्म ९ हजार १ सय ८२ जना महिला र ९ हजार ६ सय ७४ पुरुषलाई सेवा प्रदान गरिएको बैद्ध बस्नेतले वताइन।

## केही महत्वपूर्ण टेलीफोन नम्बरहरु

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| मोरङ सहकारी अस्पताल | ५२३२३०, ९८४२२८२७७७ |
| जिसस मोरङ | ५३६३५३ |
| निर्माण व्य संघ | ५२३८३६, ५३०५७२ |
| नेरेसो रंगेली | ५८००४८ |
| चेतनशील मित्र परिषद् | ९८४२२६६२३१ |
| नेपाल दुरसंचार सं क संघ | ५३३३३३ |
| पूर्वाञ्चल नर्सिङ होम | ५२३१५५ |
| अवधनारायण नर्सिङ होम | ५२२८११ |
| विराट नर्सिड होम | ५२७०७१ |
| पथरी नर्सिङ होम | ५५५३४३ |
| लायन्स क्लव सेन्ट्रले | ५३७००१ |
| जीवन वि. स. कर्सिया | ५६५०८८ |
| शनिश्चरे एम्बुलेन्स सेवा | ५५५१४४ |

### अस्पताल

| | |
|---|---|
| न्युरो हस्पिटल प्रा.लि. | ४१७४७५, ४१६०२४ |
| पोखरिया बचत एम्बुलेन्स | ९८४२२७७६६६ |
| नाइफ गार्ड एम्बुलेन्स सेवा | ९७४२०४२३३३ |
| ग्रामीण महिला जागरण | ५३१०६५ |
| च्यारेटी दृष्ट धरान | ०२५-५२१६०० |
| कोशी अं. अ. इमरजेन्सी | ५२४२३४ |
| अवधनारायण नर्सिङ होम | ५२२८११ |
| विराट नर्सिङ होम | ५२२१४४ |
| विराट मेडिकल कलेज | ४२१०६३, ४२११८२ |
| ब्लड बैंक | ५२३३२६ |
| आँखा अस्पताल | ५२३७०६ |
| मोरड सहकारी अस्पताल | ५२३२३० |
| सप्तकोशी नर्सिङ होम | ५२७९५४ |
| न्यूरो हस्पिटल प्रा.लि | ४१७४८४, ४१६२६७ |
| नौलखा डेन्टल केयर | ५२१०८२ |
| नेपाल क्षयरोग निवारण संस्था | ५२२८२७ |
| लाइफ गाई हस्पिटल | ९७४२०४२३३३ |
| गेटवेल हस्पिटल प्रा.लि. | ०२१-५२७९६८ |

### दमकल

| | |
|---|---|
| बिराटनगर वारूणयंन्त्र | ४२०००० |
| इटहरी वारुणयन्त्र | ५८०१०१ |
| धरान बारुणयन्त्र | ५२०१९९ |
| इनरूवा वारुणयन्त्र | ५६०१०१ |
| दमक वारुणयन्त्र | ०२३-५८०१०१ |
| भद्रपुर बारुणयन्त्र | ०२३-५२०१०१ |

### प्रहरी

| | |
|---|---|
| पूर्वाञ्चल क्षे.प्र.का. | ४३५००१ |
| जिल्ला प्रहरी | ५३०३५८, ५२३९०१, १०० |
| जिल्ला ट्रा.प्र.का. | ५३५३९९, १९९, ५३५५९९ |
| नगर प्र.का., विराटनगर | ५२१८५०, ५३०३६७, ११० |
| इ.प्र.का., रानी | ४३५३६४, १०८ |
| सिआरभी (ऋच्छ) | १०९ |
| इप्र.का., रंगेली | ९८५२०९०१४४ |
| इ.प्र.का., उर्लावारी | ५४०००२ |
| सिमा प्रहरी चौकी रानी | ४३५८४० |

### होटल

| | |
|---|---|
| होटल स्वागतम | ४७२४५० |
| होटल इष्टर्न स्टार | ४७१६२६ |
| होटल संगम पार्टी प्यालेस | ५३०४०३ |
| एबी होटल | ०२१-५११७७२ |
| होटल नमस्कार | ०२१-५९०९०९/५९०६०६ |
| होटल प्यासिफिक | ४७१०३६ |
| होटल मुन | ९८०२७२७७७७ |
| सगरमाथा पार्टी प्यालेस | ४७१४९३ |
| दिव्यरत्न होटल | ९८५२०३३२९६ |
| होटल पाथिभरा इन | ९८०२७६९१५२ |
| होटल श्रीकृष्ण | ०२१-५९०४६७ |

"एक बहुभाषिक पत्रिका"
ग्रामीण
मो.जि.प्र.का. दर्ता नं. २८० हु. नि. विराटनगर आ.व. २०८०/०८१/०२

# सिक्टी पथरी सडक खण्ड नबन्दा स्थानियहरुले सास्ती खेप्दै

सरिता कर्मकार
सुनवर्षी



मोरङको सुनवर्षी नगरपालिका सिक्टि पथरी सडक खण्ड लामो समय देखि नबन्दा स्थानीयहरुले सास्ती खेपी रहेका छन् । डाईनिया देखि उत्तर पथरी राजमार्ग निस्कने यस सडक बर्खाको समयमा बाटोका खाल्डा खुल्डीमा पानी जम्ने र अन्य समयमा धुलो उड्ने जस्ता समस्या त्यहाँका जनताहरुले मार्कामा परेका छन्।

विषेश गरि अमरदह क्षेत्रका सडक ग्राबेल गरेर छोडिएको कारण त्यहाँ निकै धुलो उड्ने गरेकोले स्थानियहरु बिरामी पर्ने अवस्थामा पुगेको र दुर्घटनाको जोखिम पनी निकै बढ्दै गएको छ। यस अवस्थाको कारण त्यहाँका जनताहरु निकै आक्रोशित भएका छन्।

सुनवर्षी नगरपालिका वडा न ( २ अमरदह बजारमा रहेको पुजा स्टेशनरीका संचालक बिक्रम सिह गंगाई भन्छन् , 'नगरपालिकाको लागि दुई चोटी बजेट आएर पनि आधा अधुरा काम मात्र भयो ,सडकको अवस्था देखेर घर बाट समेत बाहिर निस्कन मन लाग्दैन , पसलमा धुलो पसेर बस्न पनी सकिन्दैन चुनाव नजिकै आउदा भोट माग्न हात जोड्दै आउछन् तर चुनाव पछि अनुहार समेत देखाउदैनन्।

त्यसैगरि सोही ठाँउका अर्का बासिन्दा धनराज बस्नेत भन्छन् , घर बाट बाहिर चोक सम्म पुग्न पनि निकै मुस्किल छ , माक्स नलगाई निस्किए भने त धुलोले बिजोक पार्छ दिन भरी धुलो उड्छ जस्ले गर्दा लुगा सधै फोहोर हुन्छ सधै याहाँको स्थानिहरुको स्वास्थमा समेत असर परेको छ।

त्यसैगरि अजाद खान भन्छन् , 'बाटै छेउमा आफ्नो कपडा सिलाउने पसल छ दिनभरी गाडी कुद्छ र कुदे पिछे कुहिरो लागे झै धुलो उड्छ यसले गर्दा हामी निकै अफ्ठारोमा परेका छौं । यो ठाँउ गाँउपालिका बाट नगरपालिकामा परिर्णत भईसक्यो तर हेर्दा निकै विकट र दुर्गम गाँउ जस्तो देखिन थालेको छ।'

होटेल संचालन गर्दै आईरहेकी सरिता सापकोटा भन्छिन् , ' बिहान घर आगन सरसफाई गरेको दस मिनेटमा धुलोले जस्ताको त्यस्तै पारिदिन्छ , घरका झ्याल ढोकाहरु दिनमा पनी बन्द गरेर बस्नु पर्ने अवस्था छ।'

बर्खा पछि वडा स्थरीयको सडकहरुको सामान्य मर्मतका हुदै आईरहेको र ठुला बाटोको योजना संघिय र प्रदेश सरकारबाट बजेट छुट्टिएर आएपछि मात्र काम सुरु हुने सुनवर्षी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रुद्र प्रसाद दुलालले बताए। हरेक वर्षमा करिब एक करोड मात्र बजेट छुट्टिने भएकोले सिङ्गो बाटोलाई पिच बनाउन नसकेको तर ठाउँ ठाँउमा मर्मतका कामहरु गर्दै आएको दुलालले जानकारी दिए । ठुलो बजेट नछुट्टिए सम्म बाटो पुर्ण रुपले बन्ने अवस्था नरहेको र ठुलो योजनाका लागि माग भईरहेको उनले भने।

## नेपाल रेडक्रस सोसाइटी

विराटनगर, मोरङ्ग
कोशी प्रदेश

### केही महत्वपुर्ण ध्यान दिनुपर्ने कुराहरु

१ रगतदान गरौँ ।
२ समय-समयमा रगतदान गरौँ र निरोगी बनौँ ।
३ रगतदान महादान गरी समाजमा सचेत नागरीकको परीचय दियौँ ।
४ रगतदान कार्यक्रममा सहभागी हौँ ।
५ रगतको ग्रुप छुटयाएर राखौँ ।
६ रगतको कमी हुन नदिन खानपानमा ध्यान दियौँ ।

## डिभिजन वन कार्यालय, मोरङको

### अत्यन्तै जरुरी सूचना

यस वर्षाको सुख्खा मौसमको सुरुवात भइसकेको छ । वनलाई डढेलोबाट जोगाउन सम्बन्धित सबै सरोकारवाला, सर्वसाधारणमा निम्नानुसारका सावधानी अपनाउनु हुन अनुरोध छ ।

१) कृपया सलाई, लाइटर जस्ता आगो उत्पन्न गर्ने वस्तुहरु वन क्षेत्रमा जथाभावी प्रयोग नगरौं ।
२) वन क्षेत्र नजिक आगो नबालौं, आगो बालेको भए निभाएर मात्र छाडौं ।
३) वनमा डढेलो लागेको थाहा पाउनासाथ नजिकका वन कार्यालय, प्रहरी, स्थानीय तह तथा वन उपभोक्ता समूहहलाई सूचना दिऔं ।
४) डढेलो लागेको थाहा पाएमा आवश्यक सहयोग जुटाई नियन्त्रण गरौं ।
५) वन डढेलो लगाउने व्यक्तिहरुलाई पहिचन गरी कानुनी दण्ड सजाय गराउने कार्यमा सहयोग गरौं ।

डिभिजन वन कार्यालय, मोरङ
सम्पर्क : ९८५२०२६६१४, ९८५२०८१११०




देवराम राजवंशी
Mo: 9844476583

### राजमिस्त्रि ठेगदार

कटहरी -६, मोरङ



मारबल, वाइरिङ, झयालढोका, फर्निचर, गृल, आल्मुनियम सस्तो मुल्यमा गरिन्छ ।

प्रदेश सरकार
स्वास्थय मन्त्रालय
कोशी प्रदेश
प्रदेश स्वास्थय आपुर्ति व्यवस्थापन केन्द्र
विराटनगर

१ औषधि डाक्टरको पुर्जा अनुसार खाउँ ।
२ बिरामीले औषधि नियमित खाउँ ।
३ समय-समयमा मेडिकल चेकजाच गरौँ ।
४ बालबालिकालाइ सरसफाइमा ध्यान दिन लगाउँ ।
५ कोशी प्रदेशको स्वास्थ्य सेवा भरपुर प्रयोग गरौँ ।
६ स्वास्थय रहन नियमित शारिरिक व्यायम गरौँ ।
७ स्थानिय स्वास्थय उपचार सेवा सुविधा लियौँ ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
कोशी अस्पताल
विराटनगर, नेपाल

### कोशी अस्पतालबाट निःशुल्क तथा न्युनतम शुल्कमा संचालित कार्यक्रम तथा सेवाहरु

सुचना प्रकाशन मिति २०८१।०२।२३

नेपाल सरकारको स्वास्थ्य नीति तथा कार्याक्रमहरु अनुसार यस अस्पतालबाट सेवाग्राहीहरुका लागि निःशुल्क तथा न्यूनतम् शुल्कमा विशिष्ट स्वास्थ्य सेवा, उपचारात्मक, निरोधात्मक तथा पुनर्स्थापनात्मक सेवासम्मका विभिन्न स्वास्थ्य सम्बन्धी सेवा/कार्यक्रमहरु सञ्चालन हुँदै आएको कुरा सर्वविदित नै छ । कोशी अस्पताल विराटनगरबाट सञ्चालित निःशुल्क तथा न्यूनतम् शुल्कमा तपशिल बमोजिमका सेवाहरु सञ्चालनमा रहेका हुँदा तपशिल बमोजिमका सेवाहरु लिई लाभ लिनुहुन आम सेवाग्राही वर्गमा सुसूचित गरिन्छ ।

निःशुल्क तथा न्यूनतम शुल्कमा सञ्चालित सेवा/कार्यक्रमहरु:
१. आङ्ग खसेका महिलाको लागि निःशुल्क शल्यक्रिया।
२. हाइड्रोशिल भएका बिरामीहरुको लागि निःशुल्क शल्यक्रिया।
३. हात्तिपाइले भएका बिरामीका लागि निःशुल्क उपचार सेवा।
४. एकद्वार संकट व्यवस्थापन कार्यक्रम (लैंगिक हिंसा पीडितलाई निःशुल्क उपचारात्त्मक तथा पुनर्स्थापना सेवा)।
५. सामाजिक सेवा इकाइ मार्फत विपन्न नागरिकको निःशुल्क उपाचार सेवा।
६. स्वास्थ्य बिमा सेवा ।
७. पोषण पुनर्स्थापना गृह सञ्चालनः कुपोषित बालबालिकालाई निःशुल्क उपचार सेवा।
८. निःशुल्क गर्भपतन सेवा ।
९. भर्ना भएका बिरामीका लागि निःशुल्क रासनको व्यवस्था।
१०. आमा सुरक्षा कार्यक्रमः निःशुल्क प्रसुति सेवाः ।
११. नवजात शिशुको निःशुल्क उपचार सेवा ।
१२. खोप सेवा परिवार नियोजन सेवा ।
१३. कुष्ठरोग निवारण कार्यक्रम सञ्चालन ।
१४. एच.आइ.भी. एड्स सम्बन्धी ए. आर.टी. र मेथाडोन सेवा।

डा. रविनराज सिंह
नि. प्रमुख मेडिकल सुपरिटेण्डेण्ट

खाद्य स्वच्छतामा लगानी बढाऔं, अप्रत्यासित अववस्थाको पूर्वतयारी गरौं

### विश्व खाद्य स्वच्छता दिवस, २०२४ को अवसरमा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, विराटनगरबाट जारी संदेश

- गर्मीको समयमा किटाणुको संक्रमण उच्च हुने हुँदा खाद्य पदार्थ भण्डारण गर्दा ५ डिग्री सेल्सियस भन्दा तल वा ६० डिग्री सेल्सियस भन्दा माथिको तापक्रम सुनिश्चित गरौं।
- सडकपेटी, बजार, मेला लगायतका स्थानहरूमा खुला रुपमा बिक्री वितरण हुने लेबल नभएका रंगिन कटन क्याण्डी जस्ता खाद्य पदार्थ उपभोग नगरौं।
- खाद्य पदार्थ संग सिधा सम्पर्कमा रही पोको पार्न, पस्कन तथा भण्डारण गर्न पत्र-पत्रिका, मसी छापिएका वा रंगिन कागजको प्रयोग नगरौं।
- मधुमेह, उच्च रक्तचाप तथा मुटुजन्य रोगको जोखिम कम गर्न नुन र चिनीको उपभोग कम गरौं।
- लेबल विवरणमा औद्योगिक ट्रान्स फ्याट लेखिएको खाद्य पदार्थको उपभोग कम गरौं।
- स्वास्थ्यका लागि लाभदायक असंतृप्त (गलकबतगचबतभम) चिल्लो पदार्थ बढी भएका खाद्य पदार्थ जस्तैः माछा, एभोकाडो, नट्स (लगतक), वनस्पति तेलको उपभोग गर्ने गरौं।
- गर्मीको समयमा नियमित रुपमा स्वच्छ पिउने पानी, फलफुलको रस तथा झोलिलो पदार्थको प्रयोग बढाऔं।
- प्याक भएका खाद्य पदार्थहरुको लेबलमा उत्पादन तथा उपभोग्य मिति, तौल, व्याच नं., उत्पादकको नाम, ठेगाना जस्ता विवरण हेरेर मात्र खरिद तथा उपभोग गरौं।
- खाद्य पदार्थको स्वच्छता तथा गुणस्तर सम्बन्धमा कुनै गुनासो भए सम्बन्धित निकायमा जानकारी गराऔं।

Food safety:
prepare for the unexpected
World Food Safety Day - 7 June 2024

नेपाल सरकार
कृषि तथा पशुपंछी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय
कोशी प्रदेश, विराटनगर, मोरङ
सम्पर्क नं. ०२१-४७४८२८, ४७४२२१, ९८५२०८१०१८

# समाजवादी पार्टीको तेस्रो वार्षिक उत्सव

राजेश कुमार राजवंशी
विराटनगर




नेपाल कम्युनिस्ट पार्टी समाजवादीले तेस्रो वार्षिक उत्सव विविध कार्यक्रम गरी मनाएका छन । नेपाल कम्युनिष्ट पार्टी देश भरी आत्मनिर्भर राष्ट्रिय अर्थनीति -जिन्दावाद, उत्पादनमा राष्ट्रवाद, उपभोक्तामा राष्ट्रियता मूल नाराको साथ देशभरी कार्यक्रम गरी वार्षिक उत्सव मनाएको हो।

नेपाल कम्युनिस्ट पार्टी सचिवालय सदस्य तथा कोशी प्रदेश इन्चार्ज कार्यक्रमको प्रमुख अतिथि शुशील राजवंशीले बोल्दै पार्टीको संगठनात्मक सिद्धान्त जनवादी केन्द्रीयता हुनेछ । व्यापक रुपमा अभ्यास गरिएको सर्वहारा जनवादको जगमा वैचारिक केन्द्रीयता, वैचारिक केन्द्रीयताको आधारमा संगठनात्मक एकता र संगठनात्मक नियमहरूको पालना गर्नु जनवादी केन्द्रीयताको मूल मर्म हुनेछ। जनवादी मान्यतामा आधारित संगठनको मातहतमा व्यक्ति रहने, कमिटीमा व्यापक छलफलको आधारमा निर्मित बहुमतको मातहतमा अल्पमत रहने, माथिल्लो कमिटीको मातहतमा तल्ला कमिटीहरू रहने, सिङ्गो पार्टी केन्द्रीय समितिको मातहतमा रहने र केन्द्रीय समिति र राष्ट्रिय परिषद महाधिवेशनको मातहतमा रहने संगठनात्मक पद्धतिको पालना गर्नेछ। जसअनुसार निम्न पद्धतिहरू अवलम्बन गरिनेछ छलफल एवं विचार अभिव्यक्तिको स्वतन्त्रता र काम कारबाहीमा एकरूपताको नीति अवलम्बन गरिनेछ।

काम-कारबाहीमा एकरूपताको नीतिको अवलम्बन हुने स्थितिमा कार्यनीति कार्यान्वयनको चरणका विषयहरू बाहेक दर्शन, विचारधारा, सिद्धान्त र राजनीतिसँग सम्बन्धित विषयहरूमा मतभेद रहेमा र ती मतभेदहरूलाई सम्बन्धित सदस्यहरूले सार्वजनिक छलफल गर्न चाहेमा पार्टी केन्द्रमा दर्ज गरी सार्वजनिक बहसमा समेत लैजान सक्नेछ बताउनु भयो।

वार्षिक उत्सवमा नेपाल कम्युनिष्ट पार्टीका केन्द्रीय सदस्य रमेश साहले हाम्रो पार्टी दुई वर्ष पारगरि तेस्रो वर्षमा प्रवेश गरेको छ। यो पार्टीलाई कोसी प्रदेशमा साङठनिक हिसावले तिव्ररुपमा अगाडी वढाउने वताउनु भयो । महिला विभागको तर्फ वाट बोल्दै कला देवी राजवंशीले हामी आउदो चुनावमा कम्तीमा यो प्रत्यक्ष र समानुपातीबाट महिलाको नेतृत्वमा सांसद हुनु पर्छ जोड दिने वताउनु भयो।तेस्रो वार्षिक उत्सव कार्यक्रम विराटनगर महानगरपालिका वडा नं. ८ गणेश सामुदायिक भवनमा नेपाल कम्युनिटीका समाजवादिका केन्द्रीय सदस्य सुनिता कुमारी राजवंशीको अध्यक्षता वार्षिक कार्यक्रम भव्यताका साथ सम्पन्न भयो।

## सुचना सुचना सुचना

- सडक क्षेत्रको दायाँ वायाँ रहेको रुख काटनु सार्वजनिक अपराध हो । यसरी रुखहरु काटिएको पाईएमा नियम कानुन वमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँदछौं । सडक तपाई हाम्रै सार्वजनिक सम्पति हो, यसको संरक्षण र सम्वर्दन गरौं । सडक अतिक्रमण हुनवाट जोगाऔं । सडक सफा राखौं र सभ्य नागरिकको परिचय दिऔं ।

**सडक डिभिजन कार्यालय**
**विराटनगर, मोरङ**

## नेपाल खानेपानी संस्थान

**शाखा कार्यालय, विराटनगरको**
**सूचना**

गर्मी, सुख्खा याम बढे सँगै जमिन मुनीको पानीको सतह घटिरहेकोले गर्दा पानी उत्पादन कम हुन गई वितरण प्रणालीमा समस्या भएको जानकारी गराउदै वितरण गरिएको पानी सहि सदुपयोग गरि दिनु हुन अनुरोध छ, साथै कहि कतै पाईप लिकेज भई पानी खेर गईरहको देख्नु भएमा कार्यालयलाई जानकारी गराई दिनु होला।

पानी उमालेर र फिल्टर गरेर मात्र प्रयोग गर्ने बानी बसालौं ।

## कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानुनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।

स्थानीय लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।

लेखा राखौं हिसावमा भर, हुचुवामै नतिरौं कर कर्तव्य ठानेर कर तिरौं नव नेपाल निमार्णमा सहभागि बनौं ।

सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

**अन्तरिक राजश्व कार्यालय**
**विराटनगर**

## अ.हे.ब. अ.न.मी. तथा ल्याब असिस्टेन्ट को लागि आँखा सम्बन्धि तालिम

विराटनगर आँखा अस्पताल, विराटनगरले अ.हे.ब., अ.न.मी., तथा ल्याब असिस्टेन्ट स्वास्थ्यकर्मीहरुलाई ६ महिने प्राथमिक आँखा स्वास्थ्यसम्बन्धी तालिम दिन लागेकाले इच्छुक व्यक्तिहरुबाट मिति २०८१ अषाढ २४ गते सोमबार भित्र दरखास्तका लागि आह्वान गरिन्छ।

विस्तृत जानकारीको लागि विराटनगर आँखा अस्पतालको सुचना पाटीमा टाँस गरिएको विज्ञापन हेर्नुहोला ।

**विराटनगर आँखा अस्पताल**
**विराटनगर-१३, रानी**
**फोन नं. ०२१-४३७३६०**

## खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षासम्बन्धी

# अति आवश्यक जानकारी

एलपी ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवम् सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्यासको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुर्‍याउनु हुन सम्पूर्ण उपभोक्तावर्गमा अनुरोध छ ।

### दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु

- सिलिन्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिन्डर सधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
- रेगुलेटर, रबर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं ।
- खाना पकाउँदा सधैं झ्याल, ढोका खुला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।
- काम सकिएपछि सधैं रेगुलेटर बन्द गर्न नबिसौं ।



नेपाल आयल निगम

**नेपाल आयल निगम**
**कोशी प्रदेश कार्यालय**
**विराटनगर**

## खानेपानी, सिचाई तथा उर्जा मन्त्रालयको जनहितमा जारी सूचना

– सिंचाइ प्रणालीको विकास र विस्तार गरी कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गरौं । सबै प्रकारका पानीका स्रोत, मुहान, कुलो, पैनी नहर आदिको संरक्षण र सम्बद्धन गरी आकासे पानीबाट संकलित पोखरी, भूमिगत लिफ्ट, सतह आदि सिंचाइ प्रणाली मार्फत पानीका थोपा थोपालाई कृषिमा प्रयोग गरी। सडक पूर्वाधारजस्ता अन्य भौतिक संरचना निर्माण गर्दा कुलो पैनी नहरको संरचनामा क्षति नपुर्याऔं, क्षति पुगेमा क्षति पुर्याउने निकायबाटै तत्कात मर्मत संभार गराऔं। सिंचाइ प्रणालीमा कम ऊर्जा खपत गर्ने र नविकरणीय ऊर्जाबाट चल्ने उपकरणहरुको प्रयोग गरौं ।

– आधुनिक प्रविधि र उन्नत जातका विउविजनको प्रयोग, वालीमा विविधीकरण र परिवर्तन तथा नगदे बालीलाई प्राथमिकता दिई परम्परागत कृषि पेशाबाट आधुनिक व्यावसायिक र भरपर्दो पेशामा रुपान्तरित भई स्वदेशमै समुन्नत भविष्य निर्माण गरौं। अर्गानिक कृषि उत्पादनमा जोड दिई मानव स्वास्थ्यप्रति संवेदनशील बनौं ।

– वर्षाको समयमा बाढी पहिरो तथा कटान जस्ता जल उत्पन्न प्रकोप आउन सक्ने भएकाले नदीको प्राकृतिक बहावलाई अवरोध पुर्याइ किनाराहरु अतिक्रमण गरेर सम्भावित कटान, पहिरो जस्ता जोखिम युक्त क्षेत्रमा संरचना निर्माण गरी वसोवास नगरौं। नदी कटान, पहिरो रोकथाम तथा माटोको संरक्षणका लागि बनाइएका संरचनाहरुको सम्भार र संरक्षण गरौं। जलवायु परिवर्तनप्रति सचेत रहौं। वर्षाको पूर्व जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको धधध।जथमचययिनथ।नयख।लउ वेबसाइटको सूचनाहरुबाट सु–सूचित रहौं ।

**खानेपानी, सिचाई तथा उर्जा मन्त्रालय**
**कोशी प्रदेश, विराटनगर**

"एक बहुभाषिक पत्रिका" ग्रामीण मो.जि.प्र.का. दर्ता नं. २८० हु. नि. विराटनगर आ.व. २०८०/०८१/०२

# यूनाईटेड अजोड विरुद्ध उच्च अदालत विराटनगरमा अवहेलना मुद्दा दर्ता




**ग्रमीण संवादाता**
**विराटनगर**

कोरोना बीमा वापतको रकम भुक्तानी दिन गरेको फैसला र पत्रचार कार्यान्वयन गर्न आलटाल गर्ने यूनाईटेड अजोड इन्सोरेन्स कम्पनी लिमिडेड विरुद्ध नेपाल पत्रकार महासंघका सचिव नेत्र प्रसाद अधिकारी सहितको टोलीले आज उच्च अदालत विराटनगरमा अदालतको अवहेलनामा सजाय गरी पाउँ भनी निवेदन दर्ता गराएका छन्।

निवेदन दर्ता भएसँगै असार १२ गतेको लागि पेशी तारेख तोकिएको छ । अदालतको अवहेलनामा न्याय प्रशासन ऐन २०७३ को दफा १७ (४) बमोजिम कम्पनीलाइ १ वर्ष कैद १० हजार जरिवाना वा दुबै हुने उच्च अदालत विराटनगरका उप रजिष्टार टिकेन्द्र जङ्गवीर रानाले वताए।

उच्च अदालत विराटनगरबाट २०७९ जेठ १६ गते कोरोना विमा वापतको रकम भुक्तानी नगर्ने बीमा कम्पनी अजोड इन्स्योरेन्स विरुद्ध परमादेशको आदेश जारी हुने ठहर सहित फैसला भएको थियो। उक्त आदेश कार्यान्वयन नभएपछि महासंघका सचिव अधिकारीले यूनाईटेड इन्स्योरेन्स लिमिटेड विराटनगर शाखा समेतलाई आदेश कार्यान्वयनको माग गर्दै २०८१ बैशाख २५ गते निवेदन दर्ता गराएका थिए। निवेदनका आधारमा २०७९ जेठ १६ को परमादेशका आदेश बमोजिमको कार्य अवलम्ब गर्नु गराउनु भनी उच्च अदालतले पत्रचार गरेका थिए।

फैसला कार्यान्वयनको लागि उच्च अदालत विराटनगरले च. नं. ५६८५ मिति २०८१ बैशाख २५ गते पत्रचार गरेको थियो। सो पत्रको समेत वेवास्ता गरेकोले युनाईटेड अजोड कम्पनी लिमिटेड विरुद्ध अदालतको अवहेलनमा मुद्दा दर्ता गराएको अधिकारीले वताए।

कोभिड १९ को संक्रमण सरु भएपछि बीमा कम्पनीहरुले कोरोना बीमाका कार्यक्रम ल्याएका थिए। नेपाल पत्रकार महासंघ मोरंग शाखाले पनि सदस्यहरुको बीमा अजोड यन्स्योरेन्स मार्फत गराएको थियो। केही सदस्यले कोरोना लागेपछि बीमा दावी भुक्तानी गरेपनि बीमा कम्पनीले ३३ जना पत्रकारहरुको दावी भुक्तानी नगरी आलटाल गरेको थियो । महासंघका सचिव अधिकारीले बीमा दावी भुक्तनी नगरेको भन्दै कम्पनी विरुद्ध २०७८ श्रावण ३२ गते उच्च अदालत विराटनगरमा रिट निवेदन दर्ता गराएका थिए।

तत्कालीन उच्च अदालतका न्यायधिश द्धय सत्यमोहन जोशी थारु र जगतनारायण प्रधानको इजलाशले दावी भुक्तानी दिन बीमा कम्पनीका नाममा परमादेश जारी गरेका थिए। अजोड इन्स्योरेन्स कम्पनी लिमिटेड एकिकरण भई हाल युनाईटेड अजोड इन्स्योरेन्स कम्पनी लिमिडेड भएको छ।

# कटहरीको विज्ञापन काठमाडौंको विज्ञापन एजेन्सीलाइ

**मोहन राजवंशी**
**विराटनगर**

नेपाल सरकारको स्थानिय सरकार सन्चालन ऐन २०७४ संविधानको धारा २९६ को उपधारा १ बमोजिमको व्यवस्थापिका संसदले स्थानिय जनता तथा स्थानिय जनसरोकार वर्गहरु संग सहकार्य गरी स्थानिय सरकार बलियो र पार्दशीता जस्ता विषय वस्तु गर्नुपर्ने कानुनमा लेखिएपनि स्थानिय सरकार मौन रहेको छ।

मोरङ कटहरी गाउँपालिकाले चालु आर्थिक वर्ष २०८०/०८१ को लागि सबै विज्ञापन काठमाडौंको विज्ञापन एजेन्सीले ठेक्का पारेको थियो । पुर्व प्रमुख प्रशासकिय अधिकृत रोहिनी आचार्यले उत्त टेन्डर सुचना प्रकाशन गरीएको थियो। विज्ञापन एजेन्सी वर्ल्ड कम्युनिकेशन मिडिया प्राली ले ठेक्का पारेका थिए। उत्त एजेन्सीलाइ विज्ञापन जिम्मा लगाइएको कारण विकास निर्माण सम्बन्धी सूचना जनता समक्ष पुग्न नसकनु स्वभाविक नै हो। कोशी प्रदेशको राजधानि विराटनगर एयरपोंटमा विहान १० वजे उत्त माथि नाम दिएका पत्रिकाहरु हवाइ जहाज मार्फत आउने गरेको छ । मध्याण राष्ट्रिय दैनिक विराटनगरमा मात्रै १०० प्रति पत्रिका आउने गरीरहेको मध्याण दैनिकका स्रोतले जनाएको छ। विज्ञापन पत्रिकामा हालियो तर पत्रिका थोरै आउने भएपछि विज्ञापन प्रभावकारी नहुनु र कसैले थाहै नपाउनु स्वभविक नै हो। जसको कारण गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारी तन्त्रले विकास निर्माण संस्था ठेकेदार सँग गोप्य रुपमा साँठगाँठ गरेर विकास निर्माण शीर्षकको रकम मनपरी तरिकाले खर्च गर्नसक्ने अनुमान युवा नेता सुभाष यादवले बताए। यस कारण जनता सूचनाबाट बञ्चित हुनु नै हो। जनप्रतिनिधि , कर्मचारीले विकास




निर्माण शीर्षकको बजेटमा अनियमितता गर्न सक्ने युवा नेता सुभाष यादवको रहेको छ। कटहरीले कहिले के गर्छ थाहै हुदैन यादव भनुहुन्छ।

यस पटक पनि विज्ञापन टेन्डर मार्फत गराउने पालीकाका योजना शाखा प्रमुख सम्भु साप्कोटाले बताए। र आ व २०८०/८१ मा वर्ल्ड कम्यूनिकेशन मिडिया प्रालीले मात्रै २ लाख २० हजार भुक्तानी गर्नुपर्ने बताएका छन। ग्रामिण राष्ट्रिय पत्रिका संग कुरा गर्दै पुन यस आ व २०८१/८२ मा विज्ञापन टेन्डर प्रकृयामा जाने कटहरी गाउपालिका प्रमुख प्रशासकिय अधिकृत मनोज साहले बताए।

उत्त कम्पनीले सबै विज्ञापन नदेखिने पत्रिकालाइ विज्ञापन दिने गर्दछ जस्को कारणले विज्ञापन जनता र पालिका संग सम्बन्धित सरोकारवाला जनतालाइ थाहै हुदैन एक स्थानियले बताए। कटहरी गाउँपालिकाले करिब १९ लाख ५० हजार रुपैयाँ विज्ञापन शीर्षक थियो । उत्त मिडिया वल्ड कम्युनिकेसन मिडिया प्रा.लि. ले कम रकमा २ लाख ५२ हजार हाराहारी रकमसम्मको ठेक्का पारेका थिए। मिडियाले काठमाडौंको राष्ट्रिय दैनिकमा प्रति सीसी १ सय ७ रुपैयाँ र कोशी प्रदेशको राष्ट्रिय दैनिकमा प्रति सीसी ९५ रुपैयाँका दरले भुक्तानी हुने गरी भरेको फारम स्वीकृति भएको थियो।

